
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २५४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असोज ८ गते सोमबार ❑ 25 Sept. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पोखरामा बजार अनुगमन प्रारम्भ

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असोज

नेपालीहरुका मुख्यचार्ड पर्व नजिकीदै गर्दा बजारमा अनियमितता र स्वास्थ्यम माथि नै खेलवाड समेत हुन थालेको छ। हरेक दिनजसो बस्तुको मुल्य बृद्धि हुनु र भएका बस्तु समेत गुणस्तरहिन हुनुले मानव स्वास्थ्यका लागि हानिकारक बस्तु बजारमा बिक्रि वितरण भई रहेको आम जनताले गुनासो गर्नु भएको छ।

आइतबार पोखरामा गरिएको बजार अनुगमनबाट प्रष्ट भएको छ की बजारमा हाल अवैध रुपमा मानव स्वास्थ्य माथि नै खेलवाड गर्दै खाद्य बस्तु बिक्रि वितरण भई रहेको छ । पोखरामा आइतबार कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकालको अगुवाइमा भएको बजार अनुगमन गर्दा भागिरथ स्टोर्स सहितका ४ वटा पसललाई जरीवाना सहितको कारर्वाही गरिएको छ। जिल्ला अनुगमन समिति कास्कीले पोखराको चिप्लेढुंगामा रहेको भागिरथ स्टोर्सलाई ५० हजार रुपैयाँ जरिवाना गरेको सहायक प्रमुख जिल्ला अधिकारी ढकालले बताउनु भयो। उक्त स्टोर्सका करिब १९ हजार बराबरका खाद्य बस्तुहरु नष्ट समेत गरिएको छ । बजार अनुगमनका क्रममा उपभोक्तालाई म्याद गुज्रिएका सामान विक्री गरी चरम ठगी गरेको भेटिए पछि उक्त पसललाई तत्काल (ठाउँका ठाउँ) उक्त जरिवाना गरिएको सहायक प्रमुख जिल्ला अधिकारी ढकालले बताउनुभयो । भागिरथ स्टोर्समा म्याद गुज्रेको १३ लिटर साजन र ८ लिटर हेलो तेल गरी २१ पोका खानेतेल सहित लेवल नलगाएको झिलिङ्गा, किरा परेको २४ किलो ९ सय ग्राम सुपारी र केही कुहिएको नरिवल समेत भेटिए पनि उक्त बस्तु टोलीले नष्ट गरेको छ। समितिले स्टोर्सका सञ्चालक बिवेक कुमार गुप्तालाई ३ दिन भित्र कागजपत्र लिएर जिल्ला प्रशासन कार्यालय कास्कीमा हाँजिर हुन निर्देशन दिएको उहाँले बताउनु भयो।

त्यसैगरी टोलीले पोखरा ५ प्रर्स्याङमा रहेको केसी स्टोर्सलाई १५ हजार रुपैयाँ जरिवाना गरेको टोलीमा सहभागी एवं उपभोक्ता मञ्च कास्कीका सचिव कमल पौडेल अथकले बताउनुभयो । आम उपभोक्ता पनि सचेत हुनु पर्ने समय आएको उहाँको भनाई थियो। उक्त स्टोर्समा विक्रीमा राखिएका अधिकांश सामानमा लेभल नलगाएको, म्याद गुज्रेको ३ बोतल फ्यान्टा, प्रतिकिलो ९७ रुपैयाँमा खरिद गरेको चिनी १२० रुपैयाँमा विक्री गरेको र पसलमा मूल्यसूची नटाँसेको भेटिएपछि उपभोक्ता संरक्षण ऐनको दफा ३८ अनुसार सो जरिवाना गरेको सहायक प्रमुख जिल्ला अधिकारी ढकालले उल्लेख गर्नु भयो। नापतौलका यन्त्र समेत दर्ता नगरेको भन्दै प्रक्रियाको लागि ३ दिन भित्र प्रशासनमा हाँजिर हुन सञ्चालक तेजवहादुर केसीलाई निर्देशन दिएको छ।

चाडपर्व नजिकीदै गर्दा बजारमा जथाभावि मूल्य बढाएको भन्दै पोखराका करिब २५ भन्दा बढी खाद्य स्टोर्सको वारेमा प्रशासनमा गुनासो आएपछि समितिले अनुगमन सुरु गरेको सहायक प्रमुख जिल्ला अधिकारी ढकालले बताउनुभयो। समितिले अनुगमनलाई निरन्तरता दिने भएको छ। साथै उहाँले आम उपभोक्ताहरुलाई आफु पनि सचेत भई कुनै बस्तुको गुणस्तर, लेवल, त्यसको म्याद छ की छैन जस्ता कुराको ख्याल गर्न आग्रह गर्नु भयो । त्यसैगरी अनुगमन टोलीले मालेपाटनमा रहेको आदर्श स्टोर्समा लेभल नलगाएको किरा परेको ओखर र कपुर गरी ८१५ रुपैयाँ वरावरको सामान नष्ट गरेको छ। सो स्टोर्सका संञ्चालक राकेश यादवलाई ३ दिन भित्र जिल्ला प्रशासन कार्यालय कास्कीमा हाँजिर हुन निर्देशन दिएको छ । त्यस्तै मालेपाटनमा नै रहेको नारायणी रिफाइनरी उद्योगले विना साइनबोर्ड पसल सञ्चालन गरेकोले प्रक्रिया पुर्याएर पसल सञ्चालन गर्न सञ्चालक जगत धामीलाई टोलीले निर्देशन दिएको छ। सहायक प्रमुख जिल्ला अधिकारी ढकालको अगुवाइमा भएको अनुगमन समितिमा पर्यटन, उद्योग, बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय पोखराका अधिकृत छैंटौ राजेन्द्रप्रसाद पौडेल, उपभोक्ता मञ्च कास्कीका सचिव कमल पौडेल अथक, गुणस्तर तथा नापतौल कार्यालयका सहायक निरिक्षण अधिकृत रघु पौडेल, जिल्ला प्रशासन कार्यालय कास्कीका नायब सुब्बा शिवप्रसाद गौतम, खाद्य निरीक्षक सविना सुनार, जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी सहायक निरिक्षक डिल्लीराम पौडेल लगायतको सहभागी रहेको थियो।

## पर्यटन दिवसको अवसरमा पोखरामा मिनी सडक महोत्सव हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असोज




पर्यटकीय नगरी पोखरामा पोखरा पर्यटन परिषदको आयोजनामा ४४ औं विश्व पर्यटन दिवस (२७ सेप्टेम्बर) को अवसरमा मिनी सडक महोत्सव हुने भएको छ।

यही असोज १० गते (२७ सेप्टेम्बर) मा पोखराको लेकसाइडमा मिनि सडक महोत्सव सहितका विभिन्न कार्यक्रम हुने भएको आइतबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो । रेवान पोखराको आयोजनामा वाराहीचोक देखी खहरे चोकसम्म बुधबार पर्यटन दिवसको दिनमा साँझ पाँच बजेदेखि मिनि सडक महोत्सबको आयोजना हुने भएको परिषदले जनाएको छ। महोत्सवमा नेपाल र भारतका विभिन्न साँस्कृतिक समेत प्रदर्शन गरिने भएको छ भने बाजागाजा, झाँकी सहितको र्‍याली प्रर्दशन गर्नुका साथै पर्यटकहरुलाई फुलमालाले स्वागत समेत गरीने भएको परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनुभयो । सडकमै खाउ, सडकमै रमाउ भन्ने उद्देश्यका साथ आयोजना हुने कार्यक्रमले आन्तरीक तथा वाहिय पर्यटनलाई पोखरा भित्र्याउन महत्वपूर्ण भूमिका खेल्ने आफुहरुले अपेक्षा गरेको अध्यक्ष श्रेष्ठले जनाउनुभयो । कोभिड १९ बाट प्रभावित भएको पर्यटन क्षेत्रलाई थप टेवा पुर्‍याउने उद्धेश्यले पर्यटन दिवसको अवसरमा एक दिने पदयात्रा, बृक्षारोपण, रंक्तदान कार्यक्रम, भारतका टुर अपरेटर र संचारकर्मीको साथमा नेपाली टुर अपरेटर तथा पत्रकारहरु बिच अन्तरक्रिया लगायतका कार्यक्रम हुने भएको उहाँले बताउनु भयो । असोज १० गते बुधवार गण्डकी प्रदेश सरकार, उद्योग पर्यटन, बन तथा वातावरण मन्त्रालय, पोखरा महानगरपालिका र नेपाल पर्यटन बोर्डको प्रबंर्द्धन तथा पोखरा पर्यटन परिषद्को आयोजनामा ४४ औं विश्व पर्यटन दिवस "टुरिजम एण्ड ग्रिन डेभलपमेन्ट" भन्ने मुल नाराका साथ मनाउन लागिएको अध्यक्ष श्रेष्ठले बताउनु भयो। पर्यटन दिवसकै दिनमा नाट्टा गण्डकीको आयोजनामा पोखरा पर्यटन बसपार्कमा वृक्षारोपण तथा रक्तदान कार्यक्रम हुने भएको छ भने पोखरा स्थित पर्यटकीय संघ संस्थाहरुले पोखरा अन्तराष्ट्रिय विमानस्थल तथा पोखरा पर्यटन वसपार्कमा पहिलो आउने पर्यटकलाई स्वागत सम्मान समेत गरिने भएको परिषदका सचिव हरि भुजेलले बताउनु भयो । पर्यटन दिवसको पूर्व सन्ध्यामा असोज ९ गते टान गण्डकीको आयोजनामा व्यवसायीहरु, पर्यटकहरु र पत्रकारहरु सहितको टोली मार्गी देखि पुम्दीकोट सम्मको एकदिने पदयात्रा कार्यक्रम आयोजना हुने भएको परिषदका बरिष्ठ उपाध्यक्ष कृष्ण भण्डारीले बताउनुभयो।

विश्व पर्यटन दिवस २०२३ को गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले उद्घाटन गर्ने कार्यतालिका तय भएको परिषदले जनाएको छ । उक्त कार्यक्रममा नेपालका लागी भारतिय राजदुत नविन श्रीवास्तवको सहभागि हुने भएको अध्यक्ष श्रेष्ठले बताउनुभयो।

विश्व पर्यटन दिवसको अवसरमा छिमेकी मित्रराष्ट्र भारतवाट भारतीय टुर्र अपरेटर र भारतिय मिडियार्कीहरु समेत पोखरा आउने भएका छन्। भारतबाट आउनु भएका टुर अपरेटर, मिडियाकर्मी र नेपाली मिडियाकर्मी, टुर अपरेटरबीच अन्तरक्रिया समेत हुने भएको हो। गण्डकी प्रदेशको उद्योग पर्यटन, बन तथा वातावरण मन्त्रालयका सचिव कुमानसिंह गुरुङले प्रदेश सरकारले समग्र प्रदेशको पर्यटन प्रबर्द्धनमा लगानी गर्दै आएको बताउनुभयो । प्रदेशका ११ जिल्लाका पर्यटकीय गन्तव्यहरुको डिपिआर सहित आईईई गरेर यस बर्ष ६ वटा गन्तव्यमा बजेट समेत विनियोजन भएको उहाँले बताउनुभयो । कार्यक्रममा पत्रकारले पोखराको लेकसाइड मात्र केन्द्रित हुने गरी पर्यटकीय गतिविधि नगर्न सुझाव दिनु भएको थियो।

## सेती नदीमा 'सिग्नेचर' पुल निर्माण सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असोज

पोखरा-मुग्लिन राजमार्गअन्तर्गत पोखराको सेती नदीमा आकर्षक डिजाइनको 'सिग्नेचर' पुल निर्माण सुरु भएको छ । 'केबल-स्टेड' प्रविधिको उक्त पुलमा जगको काम भइरहेको निर्माण कम्पनी रसुवा कन्स्ट्रक्सनले जनाएको छ । गत वर्ष ठेक्का सम्झौता भए पनि डिजाइन स्वीकृत गर्न र निर्माणस्थलमा रहेका अवैध संरचना हटाउन समय लागेकाले ढिलो गरी पुल निर्माण सुरु गरिएको हो । निर्माणको सम्झौता अवधि तीन वर्षको रहेको कम्पनीले जनाएको छ।

"काममा कुनै बाधा आएन भने निर्धारित समयमै पुल बन्छ, वर्षायाम पनि सकिन लाग्यो, अब कामले गति लिन्छ", निर्माण कम्पनीका इञ्जिनीयर सुदर्शन देवकोटाले भन्नुभयो, "उपकरण र कामदार कार्यस्थलमा आइसकेका छनू, निर्माण सामग्री पनि ल्याउन सुरु गरिएको छ।"

एसियाली विकास बैंकको आर्थिक सहयोगमा सडक विभागमार्फत उक्त पुल बन्न लागेको हो । भ्याटबाहेक रु ९४


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## फिर्के खोलाको सिमाङ्कन प्रतिवेदन महानगरलाई बुझाइयो

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असोज


पोखराको बजार क्षेत्र भएर बग्ने फिर्के खोलाको प्राकृतिक बहाव पत्ता लगाउन गरिएको सिमाङ्कनको प्रतिवेदन पोखरा महानगरलाई बुझाइएको छ।

फिर्केखोलाको खोलाघर नापजाँच सम्बन्धी प्राविधिक प्रतिवेदन समितिको तर्फबाट महानगरपालिकालाई बुझाइएको हो । प्राविधिक समितिका संयोजक वासुदेव पौडेलले शनिबार महानगरप्रमुख धनराज आचार्य, उपप्रमुख मञ्जुदेवी गुरुङ र प्रमुख प्रशासकीय अधिकृत श्यामकृष्ण थापालाई बुझाउनुभएको हो। प्रतिकूल मौसम र भौगोलिक कठिनाइका बाबजुद खोलाको खोला नापजाँच सम्पन्न गरी प्रतिवेदन तयार गरिएको समितिका संयोजक पौडेलले बताउनुभयो।

प्राविधिक समितिले एक महिना लगाएर गत साउन ३ देखि भदौ ३ गतेसम्म खोलाको नापजाँच गरेको थियो । फिर्केखोलाको सिमाङ्कन टोलीमा इन्जिनियर, सर्वेक्षक र अमिनसहित ४० परिचालित भएका थिए। संयोजक पौडेलका अनुसार खोलाघर माथि स्थायीदेखि अस्थायी प्रकृतिका एक सय ६० संरचना निर्माण गरेको पाइएको छ।

फिर्केखोलानै मिचेर ९७ वटा अस्थायी संरचना र ३५ वटा स्थायी संरचना निर्माण गरेको पाइएको छ। खोलामाथि १० अस्थायी र १८ वटा स्थायी प्रकृतिका संस्थागत संरचना निर्माण गरिएको प्रतिवेदनमा उल्लेख छ । साविक ग्यारजाती पछि सराङकोट गाविस हुँदै हाल पोखरा महानगरपालिकाको वडा नं १८, २, ४, ५, ७, ८, ६ र १७ भएर फेवातालमा मिसिने फिर्केखोलाको कुल लम्बाइ आठ किलोमिटर रहेको छ । यो खोला कम्तीमा तीन दशमलव ३० मिटरदेखि बढीमा ४० मिटरसम्म फराकिलो रहेको नापजाँचका क्रममा पाइएको छ। खोलाको उचाइ चारदेखि नौ मिटरसम्म गहिरो रहेको पाइएको छ । फिर्केखोलाको प्राविधिक नापजाँचपछि यकिन गरिएको खोला घरको पश्चिमतर्फ तीन सय तीन र पूर्वतर्फ दुई सय ८५ गरी पाँच सय ८८ सीमास्तम्भ गाडिएका छन्। प्रतिवेदनअनुसार फिर्केखोलामाथि २५ वटा पुल तथा कल्भर्ट रहेका छन् । यसको नापजाँचकार्य ३२ दिनसम्म दुई सय ८८ घण्टामा सम्पन्न गरिएको हो । उहाँले भन्नुभयो, "महानगरले हामीलाई फिर्केको सिमाङ्कनको जिम्मेवारी दिएको थियो । सो जिम्मेवारी सबैको साथ र सहयोगबाट सम्पन्न गरी प्रतिवेदन बुझाएका छौं । फिर्के अतिक्रमण गरी खोलामाथि सामाजिक सङ्घसंस्था, विद्यालय तथा व्यक्तिगत घर तथा संरचना बनाएको पाइयो ।" प्रतिवेदन बुझ्दै महानगर प्रमुख आचार्यले फिर्केखोलाका सम्बन्धमा प्राविधिक नापजाँचसहितको एक महत्त्वपूर्ण दस्तावेज तयार भएको बताउनुभयो । प्रतिवेदनले खोलाघरमाथिकोअवस्थादेखाइदिएकाले यसको कार्यान्वयनका लागि महानगरपालिकाको कार्यपालिकामा आवश्यक छलफल गरी उपयुक्त निर्णय गरिने उहाँले बताउनुभयो।

महानगर प्रमुख आचार्यले भन्नुभयो, "सम्बन्धित सरोकारवालासँग समन्वय गरेर खोला मिचेर बनाइएका संरचना हटाइनेछ ।" दिगो पर्यटन विकास परियोजनाअन्तर्गत यसको संरक्षण, संवर्द्धन र विशेष सौन्दर्यीकरणको उद्देश्यसहित फिर्के करिडोरको विकास कार्यक्रम सञ्चालन गरिने महानगरले जनाएको छ। उपप्रमुख मञ्जुदेवी गुरुङले फिर्केखोलामाथि बनेका संरचना हटाउने कार्यमा आम पोखरेलीको साथ र सहयोग रहने अपेक्षा गर्नुभयो। महानगरपालिकाले प्रतिवेदनका आधारमा खोलाघर खाली गर्ने बताउँदै उहाँले यसको संरक्षणका लागि तत्काल काम गर्नुपर्ने अवस्था रहेको बताउनुभयो। समितिले सम्बन्धित वडाका वडाध्यक्षको रोहवरमा प्रतिवेदन महागनरलाई बुझाएको हो । प्रतिवेदनमा फिर्के तथा बुलौदीखोला हुँदै फेवातालसम्म पुगेका प्लाष्टिकजन्य फोहर तथा सिसा र विषाक्त रसायनका कारण प्राणी जीवन सङ्कटमा पर्नुका साथै मानव जीवनमा समेत घातक प्रकृतिका जटिल रोगहरूको जोखिम बढ्ने गरी वातावरणीय प्रदूषण भइरहेको प्रतिवेदनमा उल्लेख छ।

# कोन सामुदायिक बचत तथा ऋण सहकारीको २५ औं साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असोज

पोखरा महानगरपालिका वडा नं १३ स्थित कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २५ औं वार्षिक साधारणा सभा शनिवार सम्पन्न भयो।

साधारण सभाको उद्घाटन गर्दै अनन्तश्रीविभूषित मुक्तिनाथपीठाधीश्वर स्वामी कमलयनाचार्य श्रीजी महाराज (श्रीमुक्तिनाथबाबा)ले सहकारीलाई लक्ष्मीले विश्वास गर्नु भएकोले राम्रो हुँदै गएको भने। वडा नं १३ का वडा अध्यक्ष किरण वरालले सामाजिक कार्यमा कोन सँग सहकार्य गरेर अगाडि बढ्न तत्पर रहेको अध्यक्ष



वरालले भने। वडा नं १२ का वडा अध्यक्ष सन्तोष वाँस्तोलाले सहकारीमा ऋण लिएर कार्य गर्न सजिलो हुने वताए। कार्यक्रममा कोन सामुदायिक बचत तथा ऋण सहकारीका निर्वतमान अध्यक्ष तथा मानार्थ संरक्षक शरदकान्त सिग्देललाई प्रमाणपत्र र दोसल्ला ओढाएर सम्मान गरियो। उत्कृष्ट कर्मचारीमा विशाल कुमार श्रेष्ठ र सहकारीमा राम्रो कारोवार गर्ने चारजनालाई सोही कार्यक्रममा सम्मान गरिएको थियो। कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष तीर्थवहादुर बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा संचालक समितिका सचिव शान्तकुमार श्रेष्ठ, कोषाध्यक्ष जयप्रसाद सापकोटा, सहकारीका लेखा सुपरिवेक्षण समितिका संयोजक ज्ञानेन्द्रप्रसाद सिग्देल र सल्लाहकार नारायणप्रसाद पराजुली लगायत वोलेको कार्यक्रममा सहकारीका उपाध्यक्ष माधवप्रसाद सिग्देलले स्वागत, सचिव शान्तकुमार श्रेष्ठले संचालन, सदस्य शारदा पराजुली( सिग्देल)ले धन्यवाद गरेका थिइन। सो कार्यक्रममा सहकारी सात सिद्धान्त सहकारीका संचालक समितिका सदस्य खड्कवहादुर गुरुङ(खुशीमान)ले वाचन गरेका थिए।

# पोखरा विश्वविद्यालय र एनआरइएनबीच सम्झौता

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असोज

पोखरा विश्वविद्यालय र नेपाल रिसर्च एण्ड एजुकेशन नेटवर्क (एनआरइएन)बीच राष्ट्रिय र विश्वव्यापी अनुसन्धान र शिक्षा समुदायहरूसँग उच्च गतिको अनुसन्धान र शिक्षा 'नेटवर्क' स्थापना गर्ने उद्देश्यका साथ समझदारीपत्रमा हस्ताक्षर भएको छ। समझदारीपत्रमा पोखरा विश्वविद्यालयका तर्फबाट उपकुलपति प्रा डा प्रेमनारायण अर्याल र एनआरइएनका अध्यक्ष ई लोचनलाल अमात्यले हस्ताक्षर गर्नुभएको छ।

समझदारीसँगै एनआरइएनले एसिया प्यासिफिक एडभान्स नेटवर्क, युएस एडभान्स अनुसन्धान र शिक्षा नेटवर्क, ट्रान्स-युरेसिया सूचना नेटवर्क, युरोपमा उन्नत नेटवर्क टेक्नोलोजीको डेलिभरी, एसियाली इन्टरनेट इन्टरकनेक्सन पहल, वाइड प्रोजेक्ट जापानमार्फत विश्वविद्यालयलाई उच्च गतिको अनुसन्धान र शिक्षा नेटवर्क जडान प्रदान गर्नेछ। यसबाट विश्वविद्यालयलाई विश्वव्यापीरूपमा विद्यार्थी, अनुसन्धानकर्ता र शैक्षिक संस्थाबीच कम्प्युटेसनल नेटवर्क स्थापित गर्न बाटो खुलेको छ। यसको पहुँचबाट विद्यार्थी तथा अनुसन्धानकर्तालाई उन्नत अनुसन्धान र शिक्षाको विकासलाई गति दिन आवश्यक पर्ने तथ्याङ्क हासिल गर्न सहज हुने विश्वास लिइएको छ। साथै एनआरइएनमा आबद्धतापछि विश्वविद्यालयका विद्यार्थी, शिक्षक तथा कर्मचारीलाई उनीहरूको आफ्नैबाहेक राष्ट्रिय-अन्तर्राष्ट्रिय भ्रमण गर्दा इडुरोम वाइफाई इन्टरनेट पहुँच रोमिङ सेवा प्राप्त हुनेछ। विश्वविद्यालयमा अनुसन्धान तथा शिक्षा नेटवर्क सञ्चालनका लागि निकट भविष्यमा एक सूचना तथा सञ्चार प्रविधि (आइसिटी) केन्द्र स्थापना गर्ने पोखरा विश्वविद्यालयको लक्ष्य रहेको उपकुलपति प्रा डा अर्यालले बताउनुभयो।

कार्यक्रममा एनआरइएनका अध्यक्ष अमात्य, पोखरा विश्वविद्यालय स्वास्थ्य विज्ञान सङ्कायका डीन सह प्रा डा अमर नागिला, विज्ञान तथा प्रविधि सङ्कायका निमित्त डीन प्रा डा माधवप्रसाद कोइराला, पोखरा विश्वविद्यालय अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक सह प्रा डा नमराज धामी, एनआरइएनका कार्यकारी निर्देशक डा राजन पराजुलीलगायतले समझदारीसँगै उच्च गतिको अनुसन्धान र शिक्षा नेटवर्कमा महत्त्वपूर्ण उपलब्धि हासिल हुने बताउनुभयो।

# विद्युत् नपुगेका ठाउँमा सौर्य ऊर्जा

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असोज

राष्ट्रिय प्रसारण लाइन नपुगेका गण्डकी प्रदेशका सात स्थानीय तहका १२ सय पाँच घरधुरीमा घरेलु सौर्य ऊर्जा प्रविधि जडान गरिएको छ। मुस्ताङ, म्याग्दी, मनाङ र गोरखाका विकट गाउँमा सौर्य ऊर्जामार्फत बिजुली पुर्‍याइएको हो।

प्रदेशको ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयका अनुसार बागलुङको ढोरपाटन नगरपालिका-६ का तीन सय ९१ घरधुरीमा सौर्य ऊर्जा जडानको क्रममा छ। तत्काल राष्ट्रिय प्रसारण लाइन जोडिने सम्भावना नभएका ठाउँमा प्रदेश सरकारको अनुदान सहयोगमा सौर्य ऊर्जा जडानको काम भइरहेको छ।

मन्त्रालयको ऊर्जा शाखाका इन्जिनियर जीवन श्रेष्ठले सौर्य ऊर्जा प्रविधि जडानका लागि प्रदेश सरकारले ७५ प्रतिशत अनुदान दिने गरेको बताउनुभयो। प्रदेश सरकारका मन्त्रालय र सम्बन्धित कार्यालयमा पनि विद्युत् सेवा नियमित गर्न संस्थागत सौर्य ऊर्जा जडान गरिएको उहाँको भनाइ छ।

उर्जा मन्त्रालयमा ३०, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयमा २९, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा ४१ र विभिन्न जिल्लामा ९२ किलोवाट गरी कुल एक सय ९२ किलोवाट क्षमताको सौर्य ऊर्जा जडान गरिएको हो। "राष्ट्रिय प्रसारण लाइन नपुगेका र लघुजलविद्युत् आयोजना पनि नभएका ठाउँमा सौर्य ऊर्जा जडान गरिएको हो", इन्जिनियर श्रेष्ठले भन्नुभयो, "प्रदेशका सबै घरधुरीमा बिजुली पुर्‍याएर यसै वर्षभित्र उज्यालो गण्डकी प्रदेश घोषणा गर्ने सरकारको तयारी छ।" मन्त्रालयको तथ्याङ्कअनुसार राष्ट्रिय प्रसारण लाइन र नवीकरणीय ऊर्जामार्फत गरी प्रदेशका ९९ दशमलव ५० प्रतिशत घरधुरीमा बिजुलीको पहुँच पुगेको छ। बाँकी रहेका शून्य दशमलव पाँच प्रतिशत घरधुरीमा बिजुली पुर्‍याउने कार्य भइरहेको छ। पछिल्लो आर्थिक सर्वेक्षणअनुसार २८ सय ८४ घरधुरीमा मात्र विद्युत् सेवा नपुगेको देखिएको इन्जिनियर श्रेष्ठले बताउनुभयो।

ऊर्जाको लक्ष्य हासिल गर्नका लागि प्रदेश सरकारले पछिल्ला पाँच वर्षमा ९० लघुजलविद्युत् आयोजनाको मर्मतसम्भार गरेको छ। जीर्ण आयोजना मर्मत गरिएपछि तीन हजार दुई सय ९५ किलोवाट बिजुली उत्पादन नियमित भएको मन्त्रालयले जनाएको छ।

ती आयोजनाबाट १५ हजार चार सय ४० घरधुरी लाभान्वित भएका छन्। प्रदेशमा झण्डै चार सय लघुजलविद्युत् आयोजना छन्। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत तीन सय ७१ र बाँकी अरु संस्थाले आयोजना निर्माण गरेका हुन्। सौर्य ऊर्जा र लघुजलविद्युत्‌बाट प्रदेशको तीन दशमलव ८२ प्रतिशत घरधुरीमा बिजुली पुगेको मन्त्रालयले जनाएको छ।

प्रदेश सरकारले आफ्नै लगानीमा मनाङको नासो गाउँपालिकामा ३० किलोवाटको भिमताङ लघुजलविद्युत् आयोजना निर्माण गरिरहेको इन्जिनियर श्रेष्ठले जानकारी दिनुभयो। अन्ठानब्बे किलोवाटको स्याङ्जाको पुतपुते खोला लघुजलविद्युत् आयोजनाको बिजुली पनि गत वर्ष राष्ट्रिय प्रसारण लाइनमा जोडिएको थियो। बागलुङ, तनहुँ र नवलपुरका केही ठाउँमा बिजुली पुर्‍याउन बाँकी रहेको मन्त्रालयले जनाएको छ। ऊर्जा शाखाका अनुसार प्रदेशका पाँच लाख ७४ हजार सात सय ९८ घरधुरी बिजुलीको पहुँचमा छन्। जसमध्ये राष्ट्रिय प्रसारण लाइनको योगदान ९५ दशमलव ६८ प्रतिशत छ भने बाँकी लघुजलविद्युत्, नवीकरणीय ऊर्जा आदिको छ।

# सेती ...

करोडको ठेक्कामा पुल निर्माण हुन लागेको पोखरा-मुग्लिन सडक आयोजनाको पश्चिम खण्डका प्रमुख राजेश पौडेलले बताउनुभयो। "निर्माण कम्पनीले जगको काम थालेको छ, दसैंअघि संरचना निर्माणको काम सुरु हुन्छ", उहाँले भन्नुभयो, "अहिले रहेको चाइना पुलको तलमाथि गरी आकर्षक बनावटका दुईवटा सिग्नेचर पुल बनेपछि छ लेनको सडक हुन्छ।" गण्डकी प्रदेशको राजधानी पोखरा छिर्ने मुख्य राजमार्गको उक्त पुल साँघुरो हुँदा सवारी जामको समस्या छ। सिग्नेचर पुल बनेपछि पर्यटकीय नगरी पोखराको आकर्षण पनि बढ्ने आयोजना प्रमुख पौडेलले बताउनुभयो। "पुरानो प्रविधिको भन्दा अहिले बनाउन लागि पुल डिजाइनका हिसाबले पनि आकर्षक छ, यसले पोखरा घुम्ने आउने पर्यटकलाई पनि आकर्षित गर्नेछ", उहाँले भन्नुभयो, "दुई वर्षभित्रमै काम सक्ने लक्ष्य लिइएको छ, निर्माणमा कुनै बाधा अफ्टेरो परे आयोजना कार्यालयले सहजीकरण गर्छ।" एक सय ९० मिटरको उक्त पुल निर्माणमा कङ्क्रिट र फलामको प्रयोग हुने इञ्जिनीयर मनोज जिसीले बताउनुभयो। उहाँले निर्माण सामग्रीको गुणस्तर परीक्षणको काम पनि अन्तिम चरणमा पुगेकाले अब पूर्वाधारको काम अगाडि बढाइने बताउनुभयो। "विदेशी प्राविधिकसहितको टोलीले पुलको डिजाइन गरेको हो, देख्दा पनि यो पुल आकर्षक देखिन्छ, नेपालमा पछिल्लो समय बन्ने पुलमा बढीजसो यही प्रविधिको प्रयोग हुन थालेको छ", इञ्जिनियर जिसीले भन्नुभयो। एसियाली विकास बैंकको सहयोगमा पोखरा-मुग्लिन सडकलाई चार लेनमा विस्तार गर्ने कार्य भइरहेको छ। सोही आयोजनाअन्तर्गत पोखराको सेती र तनहुँको मादी नदीमा सिग्नेचर पुल बनाउन लागिएको हो। कूल ८१ किमि दूरीको सो सडकलाई दुई खण्डमा बाँडेर विस्तारको काम भइरहेको हो। पश्चिम खण्डमा पोखरा-जामुने र पूर्वी खण्डमा जामुनेदेखि मुग्लिनसम्मको सडक पर्छ। विसं २०७८ वैशाखदेखि सडक विस्तार थालिए पनि कामको गति भने सुस्त छ। पूर्वी खण्डको निर्माण ठेक्का चाइना कम्युनिकेसन कन्स्ट्रक्सन र पश्चिम खण्डको यनहुई काइयुयान हाइवे एण्ड ब्रिज कन्सट्रक्सनले लिएको छ।

# जि. स. स. कास्की प्रमुख पौडेलद्वारा स्थानिय तहहरूलाइ बिकासमै दृष्टि लगाउन आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असोज

जिल्ला समन्वय समिति जिल्ला समन्वय समिति कास्कीद्वारा स्थानीय तहहरूको बार्षिक समिक्षा सम्पन्न भएको छ।

समापनका अबसरमा कास्कीका स्थानीय तहमा संचालित विकास आयोजना तथा विभिन्न कार्यालय र स्थानिय तहका काम प्रभावकारी कास्कीका बिकास आयोजनामा हुन सक्ने कमिकमजोरीलाई न्यूनीकरण गर्दै गुणस्तर कायम गर्न समिक्षा फलदायी भएको बताउनु भयो। पौडेलले जनताको एक मात्रै चाहना बिकास भएको र त्यसमै अर्जुन दृष्टि लगाउन आग्रह गर्नुभयो। कतिपय कार्यालयमा बिकास बजेट पूर्ण रूपमा खर्च हुन नसकी आयोजनाको प्रभावकारिता कम भएको तर्फ चालू आर्थिक बर्षमा सबैको ध्यान पुग्नु पर्ने र गत बर्षका कमजोरी फेरि नदोहोऱ्याउने गरि काम गर्न आग्रह गर्नुभयो। पौडेलले सो कुरा जिल्ला समन्वय समिति कास्कीको आयोजनामा आर्थिक बर्ष २०७९-८० को बार्षिक कार्यक्रमको समिक्षा तथा आर्थिक बर्ष २०८०-८१ को बार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयन तालिका सम्बन्धि तीन दिने समिक्षात्मक कार्यक्रमको समापन गर्दै बताउनुभएको हो। पौडेलले योजना निर्धारित समयमा सम्पन्न गर्न देखिएका नितिगत समस्या निराकरणमा पहल गर्ने भन्दै सरकारको गम्भीर ध्यानाकर्षण गराउने उल्लेख गर्नु भयो। जो जहाँ



छौ उहिबाट समृद्धिको अभियानको सारथि बनौं। बिकास सबैका लागि भएको हुँदा पछिल्लो समय बिकासमा जस लिने होडबाजी र अनेकन बहानामा देखिने बिभाजित मानसिकता बिकासको मुख्य बाधक भएको हुँदा यसको निराकरणको लागि साझा धारणा निर्माण आजको टड्कारो आबश्यकता देखिन्छ उहाँले उल्लेख गर्नुभयो।

प्रमुख पौडेलले बिकास र बिषयगत सहित संघ ,प्रादेशिक र स्थानिय तहबिच देखिएका केही मतभेद समेत बिकासमा अप्ठ्याराका रूपमा देखिएको उल्लेख गर्दै कतिपय बिषय नितिगत रूपमा नै सम्बोधन गर्नुपर्ने देखिएको बताउनुभयो। कार्यालय उल्लेख गर्नुभयो। उहाँले चालु आर्थिक बर्षको कार्यसम्पादन योजना सहित अगाडी बढ्न क्यालेन्डर नै निर्माण गरि चरणबद्ध काम गर्न आग्रह गर्नुभयो। सो अबसरमा स्थानिय तह सहित सरोकारवाला कास्कीका कार्यालयहरूले बार्षिक समिक्षा सहित बजेट कार्यान्वयन तालिका प्रस्तुत गरेको जिल्ला समन्वय अधिकारी नबराज बरालले जानकारी दिनुभयो। आइतबार कास्कीका पाँचवटा पालिका सहित अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप ), जलस्रोत तथा सिचाइ डिभिजन कार्यालय, पशु सेवा बिज्ञ केन्द्र लगायतका कार्यालयले समिक्षा प्रतिबेदन प्रस्तुत गरेका थिए।

यसअघि संघ सरकार र प्रदेश सरकार मातहतका बिकासे र बिषयगत कार्यालयहरूको समिक्षा सम्पन्न भैसकेका छन।


जि.स.स.कास्कीले बार्षिक कार्ययोजना निर्माण गरेर सोही मुताबिक आयोजना गरेको उक्त समिक्षा कार्यक्रम तिनदिन सम्म संचालन भएको थियो। समिक्षा कार्यक्रममा कास्कीका पाँचवटा पालिकाका प्रमुख, उपप्रमुख सहित प्रमुख कार्यकारी अधिकृतहरूको सहभागिता थियो। प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उप -प्रमुख सरिता माल र संचालन जिल्ला समन्वय अधिकारी नबराज बरालले गर्नुभएको सूचना अधिकारी झबिश्वर रेग्मीले जानकारी दिनुभयो।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१0, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. 0६१-४३२२४२, ९८४६0६८८0६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. 0६१-५७१४0८, ९८५६0२६७५0,९८६६४१५३८0

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ ।

– स्वेटमार्डेन

## सम्पादकीय

# न्यायालयप्रति जनविश्वास गुमाउने

जिल्ला न्यायाधीशका लागि लिएको परीक्षा उत्तिर्ण हुने ज्यादै न्यून छन । न्यायाधीशका लागि सिफारिस गर्नेहरुले मोलाहिजा गर्दा गर्दा न्यायलयप्रति प्रश्न उठ्ने ठाउँ दिएको छ । जिल्ला न्यायाधीशका लागि लोक सेवा आयोगमार्फत लिएको परीक्षामा फेल भएका १४ जनालाई न्याय परिषद्ले चोरबाटोबाट जिल्ला न्यायाधीश सिफारिश गरेर जनविश्वास गुमाउने काम गरेको छ । न्याय सेवा आयोगले गत असारमा जिल्ला अदालतका २९ पदका लागि खुलाएको विज्ञापनमा २५४ जना प्रतिस्पर्धीले फाराम भरे । साउन १६ देखि २० गतेसम्म भएको परीक्षामा सामेल हुनेको संख्या २११ जना थियो। तर, भदौ ३१ गते लिखित परीक्षाको नतिजा आउँदा एक जना मात्रै उत्तीर्ण भए। उनी थिए, सर्वोच्च अदालतका इजलास अधिकृत पारसमणि पोखरेल। परीक्षामा सहभागी हुने अधिकाँश फेल हुने अवस्थामा कसलाई दोषदिने ? न्यायाधीश नियुक्ति गर्दा सक्षम , ईमानदार र जेष्ठ छुट्ने अवस्था आउनु दुर्भाग्य हो ।

जिल्ला अदालतको न्यायाधीशका ३६ पद रिक्त थिए। त्यसमध्ये २९ पदका लागि आन्तरिक खुल्ला र खुल्ला प्रतियोगिताबाट पदपूर्ति गर्न खोजिएको थियो। त्यसमा पोखरेल मात्रै उत्तीर्ण भएपछि असोज २ गतेको न्याय परिषद्को बैठकले उनलाई खुल्लाबाट न्यायाधीशका लागि सिफारिश गऱ्यो। उनी मोरङ जिल्ला अदालतको न्यायाधीशमा सिफारिश भएका छन् । त्यसपछि बाँकी ३५ मध्ये सात जनालाई ज्येष्ठता, योग्यता र कार्यक्षमताको मूल्याङ्कनका आधारमा न्यायाधीशका लागि सिफारिश गरिएको थियो । त्यसमा एक जना थिए, रामचन्द्र शर्मा। उनी लिखित परीक्षामा फेल भएका थिए । खुल्लामा फेल भएका उनलाई जिल्ला अदालत, कास्कीको न्यायाधीशमा सिफारिश गरिएको छ। त्यस्तै, खुल्ला परीक्षाबाट पूर्ति हुन नसकेका बाँकी २८ पदका लागि पनि न्याय परिषद्ले असोज २ गते नै न्यायाधीश सिफारिश गऱ्यो । त्यो सिफारिशमा अघिल्लो दिनको नतिजामा अनुत्तीर्ण भएका १३ उम्मेदवार अटाएका छन्। अर्थात् प्रधानन्यायाधीशको नेतृत्वमा रहने न्याय सेवा आयोगले लिएको परीक्षामा अनुत्तीर्ण भएका व्यक्तिलाई प्रधानन्यायाधीशकै नेतृत्वको परिषद्ले योग्यतम देखेर न्यायाधीशका लागि सिफारिश गरेको हो।अदालतप्रति अनास्था बढाउने काम भएको छ ।

न्याय सेवा आयोगको सदस्यमा कानूनमन्त्री, सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश, लोक सेवा आयोगका अध्यक्ष र महान्यायाधिवक्ता सदस्य रहन्छन्। न्याय परिषद्मा कानूनमन्त्री, सर्वोच्चका वरिष्ठतम न्यायाधीश, सरकारले सिफारिश गरेका कानूनविद् र नेपाल बार एशोसियशनले सिफारिश गरेका वरिष्ठ अधिवक्ता सदस्य रहन्छन् । संविधानतः जिल्ला न्यायाधीशको नियुक्तिका लागि न्याय सेवा आयोगले लिखित र मौखिक परीक्षा लिएर न्याय परिषद्लाई सिफारिश गर्छ। तर, न्याय सेवा आयोगले लिने परीक्षाको निष्पक्षतामाथि प्रश्न उठेकाले लोक सेवा आयोगलाई परीक्षा सञ्चालनको जिम्मा दिइएको थियो । लोक सेवा आयोगको प्राविधिक सहयोगमा लिएको आन्तरिक खुला र खुला प्रतियोगितात्मक परीक्षाबाट पूर्ति हुन नसकेका २८ पदमा न्याय परिषद्ले सिफारिश गरेको हो। यसमा न्याय परिषद्बाट सिफारिश भएकामध्ये १३ जना लोक सेवाको परीक्षामा फेल भएका व्यक्ति छन् । न्याय सेवा आयोगका अनुसार, सर्वोच्च अदालतका इजलास अधिकृतहरू लोकबहादुर हमाल, कोशलेश्वर ज्ञवाली, उदवीर नेपाली, रामाकान्त यादव र प्रदीपकुमार उपाध्याय प्रतिस्पर्धामा उत्रिए पनि फेल भएका थिए। तर, पाँचै जनालाई परिषद्ले क्रमशः दाङ, महोत्तरी, सप्तरी, बाँके र कैलालीको न्यायाधीशमा सिफारिश गरेको छ ।

त्यस्तै, सर्वोच्चकै उपरजिस्ट्रारहरू नगेन्द्रकुमार कालाखेती, महेश खनाल र दीपेन्द्र थापा मगर पनि परीक्षामा फेल भएका थिए। उनीहरू पनि न्यायाधीशको सिफारिशमा परेका छन्। कालाखेती, खनाल र थापा मगरलाई क्रमशः सुनसरी, सिराह र रुपन्देहीको न्यायाधीश सिफारिश गरिएको छ । परीक्षामा फेल भएर पनि न्यायाधीशमा उक्लिन पाउने अन्य व्यक्ति हुन्, नगेन्द्रकेशरी पोखरेल, जुद्धबहादुर आले मगर, नेत्रप्रसाद भुसाल, कुमार मास्के, निलकण्ठ बराल र शिवकुमार पोखरेल। नगेन्द्रकेशरी सर्वोच्च अदालत पत्रिकाको सम्पादक हुन् भने जुद्धबहादुर उपन्यायाधिवक्ता। उनीहरूलाई क्रमशः झापा र मोरङको न्यायधीशमा सिफारिश गरिएको छ। त्यस्तै नेत्रप्रसाद उच्च अदालत पोखराका रजिस्ट्रार, कुमार महोत्तरी जिल्ला अदालतका श्रेष्ठेदार, निलकण्ठ उच्च अदालत तुलसीपुरका उपरजिस्ट्रार र शिवकुमार विशेष अदालतको उपसचिवमा कार्यरत छन्। उनीहरूलाई क्रमशः धनुषा, रौतहट, रुपन्देही र काभ्रेपलाञ्चोकको न्यायाधीशमा सिफारिश गरिएको हो । परीक्षामा फेल भएकाहरूको पल्ला भारी हुने गरी रातारात जिल्ला न्यायाधीश नियुक्तिको सिफारिशले न्यायाधीश नियुक्ति प्रक्रिया र निष्पक्षतामाथि फेरि प्रश्न उब्जिएको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | कार्यमा सफलता | तुला | मानसिक तनाव |
| वृष | मन चञ्चल | वृश्चिक | शारीरिक झमेला |
| मिथुन | सहयोग मिल्नेछ | धनु | ब्यापारमा लाभ |
| कर्कट | सत्कार मिल्नेछ | मकर | अप्रत्यसित लाभ |
| सिंह | सम्मान मिल्नेछ | कुम्भ | शत्रुको भय |
| कन्या | आर्थिक समस्या | मीन | झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# आरन व्यावसायीलाई कोइलाको अभाव

पोखरापत्र संवाददाता
स्याङ्जा, ७ असोज

विश्वकर्मा समुदायको पुर्खौली पेसाका रुपमा रहेको आरन व्यवसायका लागि कोइलाको अभाव हुन थालेको छ । कोइला बजारमा प्रयाप्त किन्न नपाइने तथा कोइला बनाउन आवश्यक पर्ने रुख र बुट्यान सजिलै नपाइने भएपछि आरन पेसा गर्दै आएका विश्वकर्मा समुदायले समस्या झेल्दै आएका छन् ।

स्याङ्जाको गल्याङ नगरपालिका–७ भट्टीडाँडाका ६१ वर्षीय सुकबहादुर विश्वकर्माले ४८ वर्षदेखि आरन पेसा गर्दै आउनुभएको छ । उहाँ वालिङ नगरपालिका–११ बाँयखोलाबाट २२ वर्ष पहिले गल्याङमा बसाइँ सरेर यहाँ आउनुभएको हो । विश्वकर्माले गल्याङ बजारस्थित तल्लो गल्याङ जाने घुम्तिमा एग्मसी कृषि औंजार निर्माण उद्योगको नाममा आरन व्यवसाय गर्दै आउनुभएको छ । यहाँ मुलिवास, देवीथान, पेलाकोट, सल्यान, स्यालवास, कल्लेरी, सौरभञ्ज्याङ, गल्कोट, ग्वादी, गल्याङ र ग्वादीका किसान औजार मर्मत गर्न तथा किन्न आउने गरेका उहाँले जानकारी दिनुभयो । विश्वकर्माले बाउबाजेले गरेको पेसालाई आफूले निरन्तरता दिए पनि कोइलाको अभाव हुँदा पुर्खौली कामलाई निरन्तरता दिन कठिन भइरहेको बताउनुभयो । “गोलका लागि नन्डुके, साल, खयर, बेल, गोलैंची, धँयरो, बेलउती लगायतका काठ राम्रो मानिन्छ,” उहाँले भन्नुभयो “पहिलेपहिले साल खयर काट्न पाइन्थ्यो, हिजोआज काट्न पाईदैन, अन्य काठ बालीघर गर्दा विष्टहरुले त्यसै दिन्थे हिजोआज महँगो मूल्य तिरेर किन्नुपर्छ ।”

विश्वकर्माले बजारमा ४० किलो कोइलाको मूल्य रू तीन हजार पाँच सय सय भन्दा बढी रहेको जनाउँदै बजारमा पर्याप्त मात्रामा किन्न पनि नपाइने गुनासो गर्नुभयो । हँसिया, बञ्चरो, कोदाली, कुटो, फाली लगायतका सामान नयाँ बनाउने तथा पुराना मर्मत समेत गर्ने गरेको उहाँले बताउनुभयो । विश्वकर्माका अनुसार आरनको काम गरेर मासिक रू २०( २५ हजार सम्म आम्दानी हुने गरेको छ। “कोदाली, सानो हँसिया अचपिको रू ५०, घाँस काट्ने हँसियाको रू ७०, बञ्चरो र खुर्पाको रू एक सय ज्याला लिने गरेको छु,” उहाँले भन्नुभयो, “नयाँ बञ्चरो रू एक हजार ६ सय, घाँस काट्ने हँसिया रू चार सय, कोदाली रू एक हजारसम्ममा बिक्री गर्ने गरेको छु ।” पहिलेको तुलनामा हिजोआज नयाँ फलामका औजार किन्ने र अर्चाप तिखार गर्न आउनेको सङ्ख्यामा कमि आएको विश्वकर्माले बताउनुभयो। “हिजोआज भैँसी पाल्न र खेती गर्न छोडेका छन्, त्यसैले कृषि औजार पनि कम प्रयोग भएका छन्,” उहाँले थप्नुभयो, “पहिलेपहिले ३० वटा हँसिया लिएर बेच्न जाँदा एउटै गाउँमा सकिन्थ्यो, हिजोआज दश गाउँ डुल्दा पनि १० वटा हँसिया बेच्न मुस्किल पर्छ ।” उहाँले परम्परागत शैलीमा आरन व्यवसाय गर्दा श्रम र समयको खर्च बढी हुने गरेको दुःखेसो पोख्नुभयो । “मलाई फलाम जमाउनका लागि वेल्डिङ मेसिन, धार लगाउन काट्न र चिल्लाउनका लागि ग्रेन्डर र आगो फुक्नका लागि विजुलीबाट चल्ने मेसिन आवश्यक छ,” विश्वकर्माले भन्नुभयो, “मसँग किन्नका लागि पैसा छैन । सरकारले दिएमा काम गर्न सहज हुन्थ्यो ।” उहाँले नौ दश वर्षकै उमेरदेखि बुबा आरनमा काम गर्दा खलाँती फुक्ने र काम सिक्ने गरेको बताउनुभयो । उहाँले १६ वर्षको हुँदादेखि फलामको सबै काम सिकेको बताउनुभयो ।

गल्याङ नगरपालिकाका प्रमुख गुरुप्रसाद भट्टराईले दलित समुदायले गर्दै आएका परम्परागत पेसा संरक्षणका लागि नगरपालिकाले विशेष योजना ल्याएको बताउनुभयो । उहाँले गत साउनमा आरन व्यवसाय गर्नेहरुलाई ‘आरन सुधार कार्यक्रम’अन्तर्गत हाते पङ्खा, हम्बर, लिही, घन, ग्रेन्डर, वेल्डिङ मेसिन, सनासो, रेती, जस्तापातालगायतका सामग्री वितरण गरेको जानकारी दिनुभयो । नगरप्रमुख भट्टराईले गल्याङ बजारका परियार समुदायका लागि पनि नगरपालिकाले पोसाकसहित पञ्चेवाजा वितरण गरेको बताउनुभयो । “पालिका परम्परागत पेसा, सीपको संरक्षणमा गम्भीरतापूर्वक अगाडि बढेको छ,” उहाँले भन्नुभयो, “आगामी दिनमा पनि कसरी अगाडि बढ्दा परम्परागत पेसा गर्दै आएका समुदायको सम्मान हुन्छ भन्ने विषयमा सुझाव सङ्कलन गरी नीति तथा कार्यक्रम तयार गरेका छौं ।”

# पहिलो अन्तरराष्ट्रिय प्रतियोगितामै भण्डारीको राष्ट्रिय कीर्तिमान

पोखरापत्र संवाददाता
पोखरा, ७ असोज

१९औं एसियाली खेलकुद, २०२३ अन्तर्गत चीनको हाङजाउमा आज भएको खेलमा नेपाली महिला सुटर शिलषा भण्डारीले पहिलो अन्तराष्ट्रिय प्रतियोगितामै १० मिटर एयर राइफलमा नयाँ राष्ट्रिय कीर्तिमान कायम गरेकी छिन् । उनले कूल ६१६ दशमलव ९ अङ्क जोड्दै नयाँ राष्ट्रिय कीर्तिमान कायम गरेकी हुन् ।

यसअघि उक्त कीर्तिमान कल्पना परियारको नाममा थियो । परियारले उक्त कीर्तिमान सन् २०२० मा जापानको टोकियोमा भएको ओलम्पिकमा कायम गरेकी थिइन् । उनको नाममा ६१६ दशमलव ८ अङ्कको कीर्तिमान थियो । भण्डारीले सुरुआतका तीन चरणमा एक सय एक दशमलव एक, एक सय दशमलव तीन तथा एक सय दुई दशमलव पाँच स्कोर बनाएकी थिइन् । उनले त्यसपछिको तीन चरणमा एक सय पाँच, एक सय चार दशमलव आठ तथा एक सय तीन दशमलव दुई स्कोर गरिन् ।

# युनाइटेड नेपाल बहुउद्देश्यीय सहकारीको १७ औं वार्षिक साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, ७ असोज



युनाइटेड नेपाल बहुउद्देश्यीय सहकारी संस्थाको १७ औं वार्षिक साधारण सभा शनिबार सम्पन्न भएको छ ।

कास्की जिल्लाभर कार्यक्षेत्र रहेको यस सहकारीको कार्यक्रममा प्रमुख अतिथि सहकारी रजिष्टार कार्यालयका शाखा अधिकृत चोलाकान्त वाग्ले रहेका थिए भने विशेष अतिथि साइन रेसुङ्गा बैंकका पूर्व सिइओ प्रकाश गुरुङ रहेका थिए । यसैगरी कार्यक्रमा अतिथि सिडिई किसान सिंह गुरुङ रहनु भएको थियो । कार्यक्रममा शिक्षा उपसमिति संयोजक विमल गुरुङले सहकारीका सात सिद्धान्त वाचन गर्नु भएको थियो भने कार्यकारी प्रमुख संगम पोखरेलले शुभकामना मन्तव्य राख्नु भएको थियो । कार्यक्रममा उपाध्यक्ष दान बहादुर गुरुङले स्वागत मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा संस्थाका अध्यक्ष पूर्ण बहादुर गुरुङले वार्षिक प्रतिवेदन र आगामी आ.व.का कार्यक्रमहरु प्रस्तुत गर्नुभएको थियो । सचिव कमला गुरुङले सचिवको प्रतिवेदन, लेखा समितिको प्रतिवेदन संयोजक शुशील कुमार श्रेष्ठले र कोषाध्यक्षको प्रतिवेदन पदम बहादुर गुरुङले प्रस्तुत गर्नु भएको थियो । सो अवसरमा उत्कृष्ट कार्यसम्पादकबाट कार्यकारी प्रमुख संगम पोखरेललाई सम्मान गरिएको थियो भने कर्मचारी बजार प्रतिनिधि यूनिसा गुरुङ, बचत कर्तामा जित बहादुर गुरुङ, भोविन्द्र विश्वकर्मा, भिमकुमारी राई, उत्कृष्ट ऋणी गोविन्द प्रसाद भुसाल, उत्कृष्ट बाल बचत कर्ताबाट प्रविशा गुरुङलाई सम्मान गरिएको थियो ।

सोही अवसरमा रिक्त रहेको संचालक समिति सदस्य पदमा सु. भोज बहादुर गुरुङ र लेखा समिति सदस्य पदमा जितबहादुर गुरुङलाई निर्वाचन संयोजक अधिवक्ता महेन्द्रमान व्यथितले नियुक्त गनुभयो । कार्यक्रम संस्थाका अध्यक्ष पूर्ण बहादुर गुरुङको अध्यक्षतामा भएको थियो भने संचालन सचिव कमला गुरुङले गर्नुभएको थियो ।

# स्टार्स स्टुडियोले ‘रोटरी वा रोट्याक्ट डान्सिङ स्टार्स २०८०’ आयोजना गर्ने

पोखरापत्र संवाददाता
पोखरा, ७ असोज

स्टार्स स्टुडियो पोखराको प्रस्तुतीमा ‘रोटरी / रोट्याक्ट डान्सिङ स्टार्स २०८०’ हुने भएको छ । यो प्रतियोगिता रोटरी वा रोट्याक्ट क्लबमा आवद्ध प्रतिभालाई आफ्नो प्रतिभा प्रस्फुटन गराउने उद्देश्यले आयोजना गरिएको हो ।

आइतबार स्टार्स स्टुडियोको वार्षिकोत्सवको अवसरमा आयोजना गरिएको एक कार्यक्रममा रोटरी क्लब अफ पोखरा प्याराडाइजका क्लब एडभाइजर लक्ष्मी थापा गिरीले ‘रोटरी / रोट्याक्ट डान्सिङ स्टार्स २०८० ’ कार्यक्रमको घोषणा गरेकी थिइन् । प्रतियोगितामा रोटरी वा रोट्याक्ट मा आवद्ध भएको जुनसुकै उमेर समूहले भाग लिन सक्नेछन् । प्रतियोगितामा रोटरी र रोटरी बिच एकल नृत्य तथा रोट्याक्ट-रोट्याक्टबिच सामुहिक नृत्यमा प्रतिष्पर्धा हुनेछ । जुनसुकै नेपाली गीतमा नृत्य गर्नपाइएनि लोक विधालाई प्राथमिकता दिइनेछ । सामुहिक नृत्यको लागि थोरैमा ४ जना र बढीमा १२ जना सम्म रहन सक्नेछन् । नृत्यको समयावधि थोरैमा ३ मिनेट र बढीमा ६ मिनेट सम्म राख्न सकिनेछ । प्रतियोगिता सम्बन्धी सम्पूर्ण अधिकार भने आयोजकमा निहित हुनेछ । स्टार्स स्टुडियो र स्टार्स फाउण्डेशनको संयुक्त आयोजनामा गरिने यस प्रतियोगिताको फाइनल आगामी मंसिर १६ गते भव्य कार्यक्रमकाबिच गरिनेछ । प्रतियोगिताको लागि रोट्याक्ट क्लब अफ पोखरा प्याराडाइजले सहकार्य गरेको छ । यस प्रतियोगितामा भाग लिन चाहनेहरुको लागि आवेदन फाराम खुलिसकेको छ । आवेदन फाराम न्युरोड पोखरामा रहेको स्टार्स स्टुडियोको कार्यालयमा उपलब्ध रहेको स्टुडियोका सञ्चालक जसमाया गुरुङ जसुले जानकारी दिइन् । २०७३ सालमा स्थापना भएको स्टार्स स्टुडियो प्रालिको सातौं वार्षिकोत्सव तथा २०७६ सालमा स्थापना भएको स्टार्स फाउण्डेसन नेपालको चौथौं वार्षिकोत्सवको अवसरमा प्रतियोगिता आयोजना गर्न लागिएको हो । दुवै संस्था दर्ता भएको असोज ७ गते हो । स्टार्स स्टुडियोले ‘लोक संस्कृति र हाम्रो दायित्व’ शिर्षकमा वक्तृत्वकला, कवितामा नृत्य, चित्रकलामा नृत्य, ३० वर्ष माथिको उमेर समुहको नृत्य प्रतियोगिता, खुल्ला कविता प्रतियोगिता, स्टार्स खुल्ला एकल नृत्य प्रतियोगिता, पुष १५ टिकटक प्रतियोगिता, खुल्ला कविता प्रतियोगिता, गुरुङ गीत एकल नृत्य प्रतियोगिता सफलतापूर्वक आयोजना गरिसकेको छ । यसैगरी स्व.तिलमाया गुरुङ स्मृति सम्मान, स्टार्स संस्कृति सम्मान, स्टार्स समाजसेवी सम्मान कार्यक्रम समेत संस्थाले गर्दै आएको छ । बालबालिकाको लागि स्टार्स समर क्याम्पका दुई संस्करण समेत आयोजना भयो । फाउण्डेसनको स्थापना पश्चात स्टुडियोले गर्ने सबै कार्यक्रमा फाउण्डेसनले साथ दिँदै आएको छ ।


# तपशिल बमोजिमका ऋणी सदस्यहरूलाई कर्जा चुक्ता गर्न आउने बारे २१ दिने सार्वजनिक सूचना ।

**दोस्रो पटक प्रकाशित मिति : २०८०/०६/०८**

यस संस्थाको कार्यालय पोखरा- ५ प्रस्याङबाट घरजग्गा शीर्षकमा कर्जा लिनु भएका तपशिलका ऋणी सदस्यले उपभोग कर्जाको साँवा तथा ब्याज समेत नतिरी नबुझाई लिखित बमोजिम कर्जा सम्बन्धी शर्त उल्लङ्घन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत तिर्नु पर्ने कर्जाको रकम चुक्ता गर्ने तर्फ कुनै चासो पहल नगर्ने भएकोले तपशिल बमोजिमको ऋणीलाई कर्जा चुक्ता गर्न आउनको लागि पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा २०८०/०३/१८ गते कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरि जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा पुनः यो सूचना प्रकाशित गरीएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले २१ (एकाईस) दिन भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनु होला । अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण नीति बमोजिम लिलाम बिक्रीको सूचना प्रकाशित गरी लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

| ऋणी विवरण/ धितो विवरण | धनजमानीको विवरण |
|---|---|
| ऋणीको नामः सिता क्षेत्री<br>स्थायी ठेगानाः सिरानचौर -१, गोर्खा<br>नागरिकता नं.: ९३६९३<br>श्रीमान : सुक बहादुर क्षेत्री<br>ससुरा : लाल बहादुर क्षेत्री<br>हालः पोखरा म.न.पा.-२, नयाँ बसपार्क  | नामः सुक बहादुर क्षेत्री<br>स्थायी ठेगाना : गोरखा-४, केरावारी<br>नागरिकता नं.: २९४३६<br>हालः पोखरा म.न.पा.-२, नयाँ बसपार्क<br>बाबुः लाल बहादुर क्षेत्री<br>हजुरबुबाः सन्त बहादुर क्षेत्री  |

धितोको विवरणः कास्की जिल्ला पोखरा-४, कित्ता नं. २९४, क्षेत्रफलः ७-७-२-३ क्षेत्रफलः ३८०५.५८ वर्ग मिटर

**बगैंचा बचत तथा ऋण सहकारी संस्था लि.**

**Bagaincha saving & credit co-operative ltd.**

पोखरा-५, कास्की, नेपाल

फोन नं.: ०६१-४१९१२४, ४१९१८०

# मुनाल सहकारीको पन्ध्रौं साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असोज

पोखराको नयाँबजारमा कार्यालय रहेको मुनाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको पन्ध्रौं वार्षिक साधारण सभा शनिबार सम्पन्न भएको छ। कास्की जिल्लाभर कार्यक्षेत्र रहेको यस सहकारीको साधारण सभा संस्थाका जेष्ठ शेयर सदस्य रगबहादुर गुरूङले उद्घाटन गरेका थिए।



सो अवसरमा बोल्दै प्रमुख अतिथि रगबहादुर गुरूङले मुनाल सहकारीले शेयर सदस्यहरूको हितको लागि गरिरहेको कार्यको प्रशंसा गर्दै आगामी दिनमा अझ बढी शेयर सदस्यहरूसँग सामिप्यता बढाउनुपर्ने बताएका थिए। ‘सहकारीले चाडबाड लक्षित कार्यक्रमहरू, अध्ययन अवलोकन भ्रमण, शेयर सदस्यहरूको लागि वित्तीय साक्षरता तालिम आदि सञ्चालन गर्दै जानुपर्नेमा गुरूङले जोड दिए । सभामा आ.व २०७९/८० मा मुनाल सहकारीमा उत्कृष्ट कारोबार गरेबापत पूर्वअध्यक्ष मेघनाथ काफ्ले र सल्लाहकार मोतिराम पौडेललाई सम्मान गरिएको थियो । सोही अवसरमा वर्षभरिको उत्कृष्ट कर्मचारीबाट संस्थाका कर्मचारी सृजना कमरलाई पनि सम्मान गरिएको संस्थाका अध्यक्ष मगनलाल श्रेष्ठले जानकारी दिएका छन।

साधारण सभाको उद्घाटन समारोहमा बोल्दै पशु सेवा तालिम केन्द्र, गण्डकी प्रदेशका प्रमुख डा. गृष्म न्योपानेले अहिलेको विषम परिस्थितिमा पनि मुनाल सहकारीले गरिरहेको कार्यको प्रशंसा गर्दै नेपाल सरकारको ऐन-नियमको परिधिभित्र सबै सहकारी संस्थाहरू चल्नुपर्ने बताए । कार्यक्रममा मुनाल सहकारीका निवर्तमान अध्यक्ष दुर्गाप्रसाद हुमागाईंले संस्था कति नाफामा छ भन्दा पनि संस्था कुन बाटोतर्फ गइरहेको छ भन्नेतर्फ शेयर सदस्यहरूले ध्यान दिनुपर्ने बताए । उनले अहिलेको वित्तीय बजारमा देखिएको प्रतिकुल अवस्थामा संस्थालाई चलायमान बनाउन शेयर सदस्यहरूको सहयोग, सहकार्य तथा सक्रियता हुनुपर्नेमा जोड दिएका थिए । कार्यक्रममा सम्मानित व्यक्तित्व संस्थाका पूर्वअध्यक्ष मेघनाथ काफ्ले, सल्लाहकार रामजीप्रसाद बाँस्तोला, नेफ्स्कुन पोखरा सदस्य सेवा कार्यालय, कास्कीका प्रमुख सूर्यप्रसाद तिमिल्सिना, पृथ्वी बहुउद्देश्यीय सहकारी संस्था लिका अध्यक्ष किरणप्रसाद बन्जारा लगायतका वक्ताहरूले मुनाल सहकारीको बारेमा र वर्तमान अवस्थामा समग्र सहकारीहरूको समस्याका विषयमा आ-आफ्नो भनाइ राखेका थिए।

कार्यक्रममा लेखा समितिका संयोजक रोशनजंग कार्कीले लेखा समितिको प्रतिवेदन, कोषाध्यक्ष रमेशकुमार पौडेलले कोषाध्यक्षको प्रतिवेदन, नारायणबहादुर थापाले नीति, कार्यक्रम र बजेट तथा मगनलाल श्रेष्ठले अध्यक्षको वार्षिक प्रतिवेदन प्रस्तुत गरेको मुनाल बचत तथा ऋण सहकारी संस्थाका ब्यवस्थापक अम्बर बहादुर थापाले जानकारी दिएका छन । सहकारीका अध्यक्ष मगनलाल श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष डा। विष्णुप्रसाद चापागाईंले स्वागत मन्तव्य तथा कार्यसमिति सदस्य डिलकुमारी पौडेलले सहकारीका सात सिद्धान्त वाचन गरेका थिए भने सभाको सञ्चालन संस्थाका सचिव नारायणबहादुर थापाले गरेका थिए।

# कर्मशिल सहकारीको ११ औं वार्षिक साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असोज

कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि.को ११ औं वार्षिक साधारण सभा शनिबार सम्पन्न भएको छ।



कार्यक्रममा प्रमुख अतिथि नेफ्स्कूनको सदस्य कमला गिरी रहनु भएको थियो । उहाँले शेयर सदस्य संस्थाका मालिक हुन र संचालकलाई खबरदारी गर्नुपर्ने बताउनुभयो । लगानी गर्दा ध्यान दिएर लगानी गर्नुपर्ने बताउनु भयो । यसैगरी कार्यक्रमका विशेष अतिथि जिल्ला सहकारी संघ कास्की महासचिव दिपक प्रसाद बास्तोलाले सहकारीमा अहिलेको समस्या कर्जा असुली रहेको बताउनुभयो । सदस्यको दिगो विकास बचत संकलन गरी परिचालन मात्र नभइ ब्याज असुली पनि हो ।

कार्यक्रमको स्वागत मन्तव्य संस्थाका उपाध्यक्ष विजय अधिकारीले गर्नुभएको थियो । कार्यक्रमको संचालन सचिव ज्ञानप्रसाद अर्यालले गर्नुभएको थियो भने कार्यक्रमको अध्यक्षता संस्थाको अध्यक्ष संगिता गौतम तिमिल्सिनाले गर्नुभएको थियो । कार्यक्रममा शुभकामना मन्तव्य शेयर सदस्य अस्मिता गौतम र सल्लाहकार ज्ञाज शर्माले राख्नुभएको थियो।

कार्यक्रममा +२ पास भएका १६ जना विद्यार्थीलाई सम्मान गरिएको थियो । यसैगरी पूर्व कर्मचारी सम्मानबाट पवित्रा गौतम, राजकुमार गुरुङ र सजनी लामा गुरुङलाई गरिएको थियो । पूर्व लेखासमिति संयोजक तथा प्राविधिक सल्लाहकार डा. देविलाल शर्मा तिमिल्सिनालाई पिएचडी हासिल गर्नु भएकोमा सम्मान गरिएको थियो । सो अवसरमा जेष्ठ सदस्य सम्मान रत्नमान गुरुङ, उत्कृष्ठ कर्मचारी सर्मिला ढकाल पौडेल लगायत उत्कृष्ठ कारोवार सदस्य छ जनालाई सम्मान गरिएको थियो। कार्यक्रममा सचिवको प्रतिवेदन एवं संस्थाको गतिविधि ज्ञानप्रसाद अर्यालबाट, कोषाध्यक्षको प्रतिवेदन चन्द्र व. गुरुङ, लेखा समितिको प्रतिवेदन शिवहरि शर्मा र व्यवस्थापकको प्रतिवद्धता प्रतिवेदन देवेन्द्र धितालले प्रस्तुत गर्नु भएको थियो ।

सोही अवसरमा रिक्त रहेको संचालक समिति सदस्य पदमा शिवहरी शर्मा र लेखा समिति संयोजक पदमा घनश्याम तिवारी र सदस्यमा विजय सापकोटालाई निर्वाचन संयोजक कानुनी सल्लाहार भिमनाथ बरालले नियुक्त गनुभयो ।

# अनमोल सहकारीको १२ औं साधारणसभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असोज

पोखरा-१७, छोरेपाटनमा रहेको अनमोल वचत तथा ऋण सहकारी संस्थाको १२ औं वार्षिक साधारण सभा शनिबार सम्पन्न भएको छ।

कार्यक्रमको प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं. १७ की अध्यक्ष राधिका कुमारी शाही योगीले उद्घाटन गर्दै सहकारीले आफ्नो उद्धेश्य अनुरुप संचालन हुनुपर्ने वताउँदै शेयर सदस्यहरु नै सहकारीका प्रथम अभिभावक भएकाले आफ्नो जिम्मेवारी निभाउनु पर्ने वताइन। सहकारीका अध्यक्ष खेमराज वराल ध्रुबले प्रगति प्रतिवेदन प्रस्तुत गर्दै ६२ जनाले प्रतिशेयर सदस्य ५ हजारका दरले स्थापना गरेको सहकारीमा हाल ८ सय ९७ जना शेयर सदस्यको शेयर पुजीं ७ करोड १४ लाख ८५ हजार पुगेको जानकारी गराए।

साथै उनले सहकारीको कारोबार दिनप्रतिदिन वद्धदै जानुले भविष्य कति उज्जवल छ भन्ने देखाउने पनि वताए । सभाले अध्यक्ष खेमराज वराल ध्रुबको प्रगति प्रतिवेदन, कोषाध्यक्ष विष्णुप्रसाद शर्माको आर्थिक प्रतिवेदन, लेखा तथा सुपरिवेक्षण समिति संयोजक माधव भट्टराईको प्रतिवेदन पारित गरेको छ । सो अवसरमा निवर्तमान अध्यक्ष बद्रिनाथ पहारी, जेष्ठ सदस्यहरु डिल्लीराम शर्मा र विष्णु प्रसाद पहारी, उत्कृष्ट वचत कर्ता लिलबहादुर कामी र यमुना पहारी, उत्कृष्ट कारोबार कर्तामा मदन कुमार मैनाली र अञ्जु अधिकारी भण्डारी क्षेत्री,सहकारीका व्यवस्थापक खेमराज सुवेदी, विभिन्न तह उत्तिर्ण शेयर सदस्यका छोराछोरीहरु सागर सुवेदी, अजय कुमार थापा, ममता ढकाल, नम्रता रेग्मी, सृष्टी थापा, सविन थापा, समिर पहारी, संगम लम्साललाई सम्मान गरिएको सचिव एकनारायण भण्डारीले वताए । कार्यक्रममा जिल्ला सहकारी संघ कास्कीका कोषाध्यक्ष नवराज बराल, निवर्तमान अध्यक्ष बद्रीनाथ पहारी, गुप्तेश्वर महादेव गुफा व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मण वास्तोला, शेयर सदस्य विष्णुप्रसाद शर्मा, निलगिरी वचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष लेखनाथ बराल, छोरेपाटन माध्यमिक विद्यालयका प्रधानाध्यापक डिल्लीराम शर्मा, सावित्रा पौडेल लगाएतले शुभकामना मन्तव्य दिएका थिए। संस्थाका अध्यक्ष खेमराज वराल ध्रुबको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष टिकाराम बराल्ले र संचालन सचिव एकनारायण मण्डारीले गरेका थिए।

# भूगोल, जनसङ्ख्या र बजेटका आधारमा योजना बनाउँदा फलदायी हुन्छ : अध्यक्ष तिमिल्सिना

**पोखरापत्र संवाददाता**
बागलुङ, ७ असोज

राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले भूगोल, जनसङ्ख्या र बजेटका आधारमा योजना बनाउँदा मात्रै कार्यान्वयनमा सहजता आउने बताउनुभएको छ । उहाँले भूगोलअनुसार, जनसङ्ख्याको अनुपात हेरेर मात्रै बजेट दिँदा योजना सफल भएको बताउनुभयो।

बागलुङ नगरपालिकाले आज आयोजना गरेको बागलुङ नगरपालिकाको विकास र भावी योजनाको विषयमा आयोजित नगरस्तरीय अन्तरक्रियामा अध्यक्ष तिमिल्सिनाले सङ्घीयता व्यवहारमा कार्यान्वयन आए पनि योजना निर्माणमा सङ्घीय सरकारको अंकुश अझै कायम रहेको बताउनुभयो। उहाँले भूगोल, जनसङ्ख्या र बजेटका आधारमा योजना बनाउँदा मात्रै उक्त योजना सफल हुने भन्दै टुक्रे बजेटमा सङ्घीय सरकारको ध्यान दिएको बताउनुभयो । उहाँले एउटै प्रकृतिका सङ्घ र प्रदेशका दुई वटा कार्यालय जिल्लामा आवश्यक नरहेको बताउनुभयो । उहाँले बजेटको सीमा तोकेर कार्यान्वयन गर्न सकेमा मात्रै योजना सफल हुने र सङ्घीयता व्यवहारमा कार्यान्वयन हुने बताउनुभयो । “कम्तीमा ५० करोड माथिको योजना सङ्घका, १० करोड माथिका योजना मात्रै प्रदेशले हेर्ने हो भने स्थानीय तहमा साना योजना र धेरै बजेट आउँछ, काम गर्न सहज हुन्छ”, अध्यक्ष तिमिल्सिनाले भन्नुभयो, “ससाना बजेटमा सङ्घीय सरकारको ध्यान पुग्दा कार्यान्वयनमा समस्या सिर्जना भइरहेको पाइन्छ, कतिपय कानुन निर्माणको अभावमा स्थानीय तहलाई अधिकार सम्पन्न बनाउन समस्या भइरहेको छ, सङ्घ सरकारसँग नबाझिने गरी कानुन निर्माण गरेर स्थानीय सरकार सबल बन्न सक्छ।”

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः ,१९९४/४/४ गते

स्व. मयादेवी भुजेल

स्वर्गारोहणः २०८०/०५/२६ गते


यस चित्रेभञ्ज्याङ पोखरा सम्पर्क मञ्च कास्कीका आजिवन सदस्य टंक बहादुर भुजेल र शेर बहादुर भुजेलको ममतामयी आमा **मयादेवी भुजेल**को ८७ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । उहाँको स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**बुद्धिराम लम्साल**
**अध्यक्ष तथा**
**चित्रेभञ्ज्याङ पोखरा सम्पर्क मञ्च कास्की परिवार**

## तपशिल बमोजिमका ऋणी सदस्यहरुलाई कर्जा चुक्ता गर्न आउने बारे ७ दिने सार्वजनिक सूचना ।

**तेस्रो पटक प्रकाशित मिति : २०८०/०६/०८**

यस संस्थाको कार्यालय पोखरा- ५ प्रस्याङबाट घरजग्गा शीर्षकमा कर्जा लिनु भएका तपशिलका ऋणी सदस्यले उपभोग कर्जाको साँवा तथा व्याज समेत नतिरी नबुझाई लिखित बमोजिम कर्जा सम्बन्धी शर्त उल्लङ्घन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत तिर्नु पर्ने कर्जाको रकम चुक्ता गर्ने तर्फ कुनै चासो पहल नगर्ने भएकोले तपशिल बमोजिमको ऋणीलाई कर्जा चुक्ता गर्न आउनको लागि पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा २०८०/०३/१८ गते कर्जा चुक्ता गर्ने २१ (एकाईस) दिने सार्वजनिक सूचना प्रकाशित गरि जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा पुनः यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनु होला । अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण नीति बमोजिम लिलाम बिक्रीको सूचना प्रकाशित गरी लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

| ऋणी विवरण/ धितो विवरण | धनजमानीको विवरण | धनजमानीको विवरण |
|---|---|---|
| <br>ऋणीको नामः महालक्ष्मी घिमिरे<br>स्थायी ठेगानाः भानु -९, तनहुँ<br>नागरिकता नं.: ६४५<br>हालको ठेगानाः<br>पोखरा महानगरपालिका<br>वडा नं. २७ लेखनाथ, कास्की<br>बाबुको नामः शशिघर घिमिरे<br>हजुरबुबाको नामः विष्णु प्रसाद पौडेल | <br>नामः लक्ष्मी प्रसाद पौडेल<br>ठेगानाः थप्रेप-५, तनहुँ<br>नागरिकता नं.: ४७४<br>हालः पोखरा म.न.पा.-२७<br>बाबुः भविश्वर पौडेल<br>हजुरबुबाः विष्णु प्रसाद पौडेल | <br>नामः लक्ष्मी प्रसाद पौडेल<br>ठेगानाः थप्रेप-५, तनहुँ<br>हालः पोखरा म.न.पा.-२७<br>नागरिकता नं.: ४६-०१-७०-०४०६०<br>बाबुः लक्ष्मी प्रसाद पौडेल<br>हजुरबुबाः भविश्वर पौडेल |

धितोको विवरणः कास्की जिल्ला अर्घो-२, कित्ता नं. ४४३२, क्षेत्रफलः ०-३-३-० क्षेत्रफलः ११९.२४ वर्ग मिटर

**बगैंचा बचत तथा ऋण सहकारी संस्था लि.**
**Bagaincha saving & credit co-operative ltd.**
पोखरा-५, कास्की, नेपाल
फोन नं.: ०६१-४१९१२४, ४१९१८०